१

# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४ ] काठमाडौं भाद्र १४ गते २०११ साल [ संख्या ४

## भाग १

### नेपाल पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. १७

मिति २०११।५।१४

योजना विकाश तथा कृषिमन्त्रालयअन्तरगत परवानीपुर एक्सपेरिमेन्ट एन्ड रिसर्च फार्मलाई १ जना सब डिभिजनल अफिसर चाहिएको छ । प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा भरी २०११ साल कार्तिक ६ गते रोज २ सम्ममा उमेदवारहरूले तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला।

दरखास्त फारामको नमूना प्रत्येक हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइन्छ। यसको विवरण यस प्रकार छ:—



प्राधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

१. पदः —सब डिभिजनल अफिसर, गजेटेड, स्थायी तथा पेन्शन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः —बी. एस्. सी. (एग्री) अनर्स।

३. विशेष योग्यताः—वैज्ञानिक ढंगले खेती गर्ने, नयाँ जातका बिरुवाहरुलाई कामभा ल्याउने, विभिन्न जातका फलफूल र तरकारीहरु उब्जाउ गर्ने, रासायनिक मलहरुको प्रयोगद्वारा अधिक उब्जाउ गर्ने तरीकाहरु र खेती विनाशकारी कीटहरुलाई अन्त गर्ने काम तथा आधुनिक तवरबाट खेतीको बन्दोबस्त मिलाउने काममा विशेष तालिम पाएको ।

४. मासिक तलबको स्केल र भत्ताः—भारतीय नो.रु १८०—३६० भत्ता नो.रु. २० ।

५. कामः —माथि ३ नं. मा लेखिएबमोजिमका कामको एक्सपेरिमेन्ट र रिसर्च गर्ने ।

आज्ञाले—

खड्गमान मल्ल एम्. ए.

सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,

सिंहदरबार, काठमाडौं, नेपाल.

गाधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि